रिट दर्ता नं

078-WO-1492

# श्री सर्वोच्च अदालतमा दायर गरेको

## निवेदन–पत्र

विषयः **परमादेश लगायत आवश्यक उपयुक्त आदेश जारी गरी पाउँ ।**

नेपाल बार काउन्सिल बाट प्रमाण पत्र नं. १७१२६ प्राप्त अधिवक्ता किशोर पौडेल---------------------१ रिट

नेपाल बार काउन्सिल बाट प्रमाण पत्र नं.१७६४२ प्राप्त अधिवक्ता अनुपम भट्टराई ९८४००२०४६०----१ निवेदक

विरुद्ध

सभापति ज्यू, आचारण अनुगमन समितिको कार्यालय संघीय संसद, सिंहदरबार काठमाडौं-----------१ प्रत्यर्थी

संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री प्रेम आले-----------------------------------------------१

नेपाल सरकार प्रधान मन्त्री तथा मन्त्री परिषद्को कार्यालय, सींहदरबार काठमाडौं---------------------१

मुद्दाः– परमादेश ।

निवेदन वापत लाग्ने दस्तुर तिरेको निस्सा यसैसाथ संलग्न राखी हामी निवेदक नेपालको संविधानको व्यवस्था को आधारमा धारा १३३(२)(३) तथा सर्वोच्च अदालत नियमावली,२०७४ को नियम ४१, ४९ बमोजिम निम्न लिखित व्यहोराको निवेदन गर्दछु:

१. हामी निवेदक मानव अधिकार, फौजदारी न्याय, सामाजिक न्याय तथा कानुनको शासनका क्षेत्रमा लामो समयदेखि क्रियाशिल रहि आएका छौं । हामीले सार्वजनिक सरोकारको विषयमा अध्ययन, अभ्यास र सामाजिक कार्यका मार्फत संविधान, कानुन तथा न्यायको प्रचलन गर्न गराउन महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छौं ।

२. प्रेमबहादुर आले बर्ष ५१ का सुरुमा डोटीका वडा सदस्य थिए। २०६४ सालको पहिलो संविधानसभा निर्वाचनमा पराजित भएका र २०७० को दोस्रो संविधानसभा निर्वाचनमा निर्वाचित भएका थिए। २०७४ सालको निर्वाचनमा पनि विजयी हासिल गरेका थिए। पहिलोटक उनी नेकपा एमालेको साँसद रहँदा वन तथा वातावरण मन्त्रालयका मन्त्री बनाइएका थिए। डोटीबाट निर्वाचित प्रतिनिधिसभा सदस्यका साथै हाल उनि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री छन्।

३. निजले मन्त्री भएपछि गरेका कामहरू पटक पटक विवादमा आउने गरेका छन्। निजले दिने अभिव्यक्ति निजको स्वतन्त्रता हो तर सार्वजनिक जीवन निर्वाहा गर्दा निजले सो बारे संवेदनशील हुनुपर्ने हुन्छ। संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री प्रेम आलेले पछिल्लो पटक अश्लील शब्द प्रयोग गर्दै नेपाल बायुसेवा निगमका अध्यक्ष युवराज अधिकारीलाइ गाली गरेको अडियो सञ्चार माध्यमतथा सामाजिक सन्जालमा सार्वजनिक भएको थियो। निजले पहिलोपटक यहि पदीय हैसियतमा रहँदा नै २०७८ फागुन ३ गते सार्वजनिक भएको पहिलो टेलिफोन सम्बादमा अछाम घर भई भारतको मुम्बई बस्ने जगत ओलीलाई गरेको अश्लील गाली सञ्चार माध्यम र सामाजिक सन्जालमा सार्वजनिक भएको थियो। आफूविरुद्ध फेसबुकमा जथाभावी किन लेखेको भन्दै मन्त्री आले ओली विरुद्ध खनिएका थिए। निजको सचिवालयले विभिन्न हवाला दिदैँ सो बिषयलाई डाईभर्ट गरिएको थियो।

४. पुनः २०७९ साल असार ३ गते निजले मन्त्री को भुमिका निर्वाहा गर्दाका बेला, निजले सामाजिक मनोभावना विरूद्ध तल्लो स्तरको अश्लील शब्द प्रयोग गरि नेपाल बायु सेवा नियगमका अध्यक्ष युवराज अधिकारीलाई गाली गलौज गर्दै आक्रमण गरेको अडियोबाट स्पष्ट बुझ्न सकिन्छ। सो बिषयमा पनि मन्त्री आलेको सचिवालयबाट बिषयवस्तुलाई डाईभर्ट गर्न खोजिएको छ। यस बिषयमा विभिन्न सञ्चार माध्यमहरुमा छरपष्ट भएकोले यस विषयमा अदालत जानकार रहेको छ**। सर्वोच्च अदालत प्रशासन शाखाको प्रतिवेदन समेत विरूद्ध जनआस्था साप्ताहिकको सम्पादक किशोर श्रेष्ठ समेत (ने.का.प.२०७०,नि.नं. ९०८०, अंक ११)** मा लोकतन्त्रमा न्यायपालिकाको भूमिका जनताको अधिकारलाई संरक्षित गर्नुको साथसाथै कानूनी राज्यको संरक्षण र सम्बर्द्धन गर्नुसमेत भएकोले र प्रेसको भूमिका जनतालाई सुसूचित गर्नुको साथसाथै जनहित र राष्ट्रहितमा जनता एवं जनताद्वारा निर्वाचित संस्थालगायत अन्य संस्थाहरूसमेतलाई जागरूकता कायम राख्ने भएकोले यी दुबै अर्थात् न्यायपालिका एवं प्रेस जगत लोकतन्त्रका मित्रहरू हुन् र यी संस्थाहरूको स्वतन्त्रता कायम रहनुपर्दछ भन्ने कुरामा विवाद गर्ने ठाउँ नरहने भन्ने कुरा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादन भइसकेको छ।

५. यसरी जनमानसमा सहजै रूपमा सम्प्रेषण हुने सञ्चार माध्यम तथा सामाजिक सञ्जालहरुबाट यो कुरा समाजका हरेक अवयव माझ पुऱ्याएको छ। यसको अर्थ के हो भने, नेपाल सरकारको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको जिम्मेवारी निर्वाहा गर्दै गर्दा निजले आफूले दिने अभिव्यक्ति के कस्तो हुनुपर्छ भन्ने बारे संवेदनशिल हुनुपर्नेमा त्यो कुरालाई पटक पटक नजर अन्दाज गर्ने गरेका छन्। यस प्रकारका गैर जिम्मेवार अभिवयक्ति आएपछि निजको सचिवालय त्यसलाई ढाकछोप गर्न

लाग्छ। यस बाट के कुरा प्रस्ट हुन्छ भने लिक भएको अडियो मन्त्री आलेको हो। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको जिम्मेवारी सम्हाल्ने कुनै सांसदले अमर्यादित, समाजमा विकृति लाई प्रोत्साहन गर्ने किसिमका भाषा, संकेत वा अभिव्यक्त हुनु सार्वजनिक दवाफदेहिता र सामाजिक, साँस्कृतिक रुपमा नै आक्रमण भएको छ।

६. संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री संगै निज प्रतिनिधिसभा सदस्य रहेको र प्रतिनिधिसभा सदस्यको आचारसंहिताको बिषयमा प्रतिनिधीसभा नियमावली, २०७५ को नियम २१६ को उपनियम (ख) अनुसार प्रतिनिधीसभा सदस्यहरुले समाजमा विद्यमान सार्वजनिक नैतिकता र आचारण अनुकुलको व्यवहार गर्ने उल्लेख छ। यस्तै सोही नियमको उपनियम (२) मा आचारसंहिता प्रतिनिधीसभाका पदाधिकारी र सदस्यको सार्वजनिक जीवनको सबै पक्षमा लागू हुने विषय समेत उल्लेख गरेको छ।
यसरी नियमको बर्खिलाप हुने किसिमको माननीयज्यूले आफ्नै कार्यकक्षमै अश्लिल शब्द प्रयोग गर्दै भएको घटनालाई सामान्य बिषय मान्न मिल्दैन। यसले नेपालको भाषा र संस्कृतिमाथी ठूलो चोट मात्रै पुर्याएको छैन, सामाजिक सुव्यबस्था तथा मर्यादामाथी साधिकार व्यक्तिवाटै निर्लज्ज प्रहार भएको छ। यसले गर्दा जनप्रतिनिधिहरुको सामाजिक तथा साँस्कृतिक मूल्य मान्यता र जिम्मेवारीबाट समेत बिमुख भएको महशुस भएको छ। यसरी सार्वजनिक भएको अडियो माननीय साँसद प्रेम आलेले आफ्नो भएको स्विकार गरिसक्नुभएको छ।

७. भाषा राष्ट्रिय अभिव्यक्तिको माध्यम हो। नेपाली भाषा यसमा सबैभन्दा धनी मानिन्छ। राष्ट्रको भाषिक अस्तित्वलाई जोगाउदै देशको साँस्कृतिक विविधतालाई भाषाको माध्यमबाट विश्व मञ्चमा नेपाली पहिचान प्रदर्शन गर्नुपर्ने पद हो, साँसद। देशको जनप्रतिनिधिमूलुक संस्थाले आधुनिक युगका आवश्यकता अनुसार भाषिक क्रियाकलाप गर्न भाषालाई सक्षम बनाउँदै लैजानु पर्छ। समाजको आवश्यकतालाई ध्यानमा राखी भाषालाई सहज सम्प्रेषणीय बनाउनु आधुनिकीकरण हो। समाजको विविध पक्षको विकासका लागि अभिव्यक्त गरिने स्तरीय भाषिक रूपलाई भाषाको मानक रूप मानिन्छ। समाजका बौद्धिक, शैक्षिक, सांस्कृतिक आदि पक्षको विकासका साथसाथै त्यसलाई व्यक्त गर्ने, ग्रहण गर्ने तथा सम्प्रेषण युक्त बनाउन शिष्ट, स्तरीय, मानवीय तथा मान्यता प्राप्त भाषाको निर्माण गर्दै जानु र सोही अनुसार भाषिक प्रयोगको क्षेत्र विस्तार गर्नु मानकीकरणका कार्य हुन्। यसरी भाषाको मानक तयार हुँदै जान्छ । ठुलो क्षेत्रमा प्रयोग हुनु, धेरै वक्ताले प्रयोग गर्नु, शैक्षिक, साहित्यिक लगायत औपचारिक कार्यमा प्रयोग हुनु मानक भाषाका विशेषता हुन्। तर माननीय साँसद प्रेम आलेज्यूले प्रयोग गर्नुभएका यि शब्द कदापी समाजमा बोल्न र सुन्न योग्य होईनन। जनमानसले यस्तै जनप्रतिनिधिबाट भाषा स्थापित गर्न खोजेको निश्चित पनि होइन।

८. भाषाको सम्बन्ध सोझै संस्कृतिसँग हुन्छ। जसलाई जुन भाषा सिकाइन्छ त्यसले त्यही भाषाको संस्कृति जानेको हुन्छ। जुन समाजको मौलिक संस्कृति हुन्छ, त्यस समाजको भाषा पनि जीवित हुन्छ

। भाषा मृत भएमा संस्कृति पनि लोप भएर जान्छ । भाषा र संस्कृति लोप भएमा त्यो समाजको अस्तित्वमा रहन्न । भनिन्छ- कुनै समाज वा पहिचानलाई विलुप्त पार्नु छ भने त्यस समाज र पहिचानको भाषा र संस्कृतिमा आक्रमण गर्नुपर्छ । अहिले नेपालमा राज्यका साधिकार निकायहरुबाटै भाषामा अतिक्रमण भइरहेको छ ।
यि र यस्तै गतिविधीका कारण  आम जनताबीच जनप्रतिनिधिमूलक सँस्थाप्रतिको विश्वासमा संशय पैदा हुनु स्वभाविकै हो । यद्यपी यस्तै घटना दोहोरिरहने र आचारसंहिता विपरितका कार्य गर्ने माननीयलाई प्रोत्साहन र सम्मान गर्दै जाने हो भने आम राजनीतिक दलहरुप्रतिको जनमानसको वितृष्णा अझै बढ्न सक्ने निश्चित छ ।

९. यस घटना बारे यत्रतत्र छलफल हुन थालेपछि हामीले निजको सचिवालयमा सम्पर्क गर्दा कुनै प्रतिक्रिया नआएको र यसै सन्दर्भमा नेपालको संविधान ले प्रत्याभुत गरेको सुचनाको हक अन्तर्गत चिठ्ठी सम्बन्धीत निकायमा दर्ता चलानी गर्दा पनि यस विषयको निक्यौंल नभएको अवस्था छ । यस प्रकारको गैर जिम्मेवारी अभिव्यक्ति ले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा नराम्रो सन्देश प्रवाह हुने निश्चित छ । यस विषयले सामाजिक क्षति पुर्याउने भएको र अन्य वैकल्पिक कानुनी उपचार नभएको र भएका वैकल्पिक उपचार समेत निष्प्रवाभी भएकोले यस अदालतको को असाधारण अधिकारक्षेत्र प्रयोग गरेका हौं ।

१०.मागदावीः

क. निज मन्त्रीको अश्लिल अभिवयक्ति सामाजिक मूल्य मान्यता, सास्कृतिक रुपमा पनि समाजमा स्वीकार्य छैन, यसले सामाजिक वितृष्णालाई प्रोत्साहन गर्ने निश्चित छ । सांसदको आचारसंहिताको बिषयमा प्रतिनिधीसभा नियमावली, २०७५ को नियम २१६ को उपनियम (ख) को व्यवस्थाले सांसदको आचरण कस्तो हुनुपर्छ भन्ने कुराको सप्रसंग व्याख्या गरेको छ । सबैलाई कानुनको समान संरक्षण हुनुनै कानुनी राज्यको अवधारणा हो । यसै लाई आत्मसाथ गरि निज मन्त्रीको अश्लिल अभिव्यक्तिले पुर्‍याएको क्षतिको सामाजिक अडिट गर्नु भनी सम्पूर्ण विपक्षीको नाउमा संविधानको धारा १३३(२),(३) बमोजिम परमादेशको आदेश जारी गरी पाऊँ ।

ख. निज मन्त्रीको व्यवहार, पटक पटक देखिएको विवाद आदि कारणले पदमा बसिरहन योग्य नरहेको कुरा बारम्बार पुष्टि भइराखेको छ । निज सो गरिमामय पदमा आसिन रहिरहन असक्षम रहेको प्रस्ट छ । निजको गैरजिम्मेवार अभिव्यक्तिले समाजलाई अपुरणिय क्षति पुगेको विषयमा यस सम्मानित अदालत जानकार रहेको छ । निज सो पदमा रहिँरहँदा थप सिंगो समाज, देश, विदेशमा नकरात्मक प्रभाव पर्ने र थप क्षति पुग्ने भएकोले निजलाई मन्त्री पदमा आजकै मिति देखि मुद्दाको अन्तिम किनारा नहुन्जेल सम्म काम नगर्नु, गर्न नदिनु भनि सर्वोच्च अदालत नियमावली,२०७४ को नियम ४९ बमोजिम विपक्षीको नाममा सुविधाको सन्तुलनको रोहमा अन्तरिम आदेश जारी गरि पाऊँ ।

ग. निजको विगतदेखिकै राष्ट्रिय छविमा धुमल्लिएको अवस्था छ। यसरी सामाजिक रुपमा निर्लज्ज व्यक्ति भविष्यमा कुनै पनि सार्वजनिक पदमा आउन नहुने भएकाले आगामी निर्वाचनमा समेत प्रतिस्पर्धा गर्न समेत रोक लगाउने गरि निर्देशनात्मक आदेश जारि गरि पाऊँ।

घ. यस निवेदनलाई सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७३ बमोजिम अग्राधिकार प्रदान गरि हेरि पाऊँ।

११. सर्वोच्च अदालत नियमावली,२०७४ बमोजिम लाग्ने दस्तुर यसै साथ संलग्न छ।

१२. प्रमाण ऐन,२०३१ को दफा ५ अनुसार यो विषय अदालतले स्वयं जानकारी लिनुपर्ने विटय हो।

१३. संलग्न कागजातः

क. निजको अडियो क्लिपको अंश।

ख. संघीय संसद सचिवालयमा दर्ता गराएको चिठ्ठिको प्रतिलिपि।

१४. सर्वोच्च अदालत नियमावली,२०७४ को नियम ४३ समानान्तर अधिकारक्षेत्र प्रयोग गरि उपचार माग गरेका छैनौ।

१५. हामी निवेदक कानून व्यवसायी स्वयं तथा हामी निवेदकको तर्फबाट उपस्थित भई बहस पैरवी गर्ने तथा पेश गर्ने कागजातलाई समेत यस निवेदनको अभिन्न अंग मानि पाऊँ।

निवेदक

अधिवक्ता किशोर पौडेल

अधिवक्ता अनुपम भट्टराई

इति संवत् २०७९ साल असार महिना ५ गते रोज १ शुभम्------१